## पृष्ठभूमि

मानव अधिकारको प्रत्याभूति गर्ने जिम्मेवारी कार्यपालिकाको नेतृत्वका हैसियतमा नेपाल सरकारले पूरा गर्नुपर्ने हुन्छ। राज्यले नागरिक अधिकारको रक्षा, विकास र सुनिश्चितताका लागि गर्ने कार्यहरूका लागि सङ्घीय सरकार, प्रदेश र स्थानीय तहका सरकारहरूले संवैधानिक उतरदायित्व बहन गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ। आवश्यकताका आधारमा कानुन बनाउन वा संशोधन गर्न व्यवस्थापिकामा सिफारिस गर्ने र विद्यमान कानुनहरूको कार्यान्वयन सुनिश्चित गर्नाले मानव अधिकारको अवस्थामा सुधार ल्याउन सकिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्य महासन्धि तथा अनुबन्धद्वारा सृजना गरिएका प्रबन्धहरूको पालना तथा आवधिक प्रतिवेदनमार्फत अन्तर्राष्ट्रिय मञ्चमा नेपालको मानव अधिकार अवस्थाको ऐना प्रस्तुत गर्ने जिम्मेवारी कार्यपालिका हो।


जनताद्वारा निर्वाचित प्रतिनिधिबाटै बनेको सरकारले सन् २०२१ मा गरेका क्रियाकलापका आधारमा यस आलेखमा राज्यको मानव अधिकारप्रतिको जबाफदेहिताको विश्लेषण गर्ने प्रयास गरिएको छ।

## १. हिंसात्मक द्वन्द्वको अन्त्यतर्फको पहल

सरकारले नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाएको दुई वर्ष पछि प्रतिबन्ध फुकुवा गऱ्यो। सरकार र विप्लव नेतृत्वको नेकपाबिच २०७७ फागुन २० गते भएको वार्तामा तीन बुँदे सहमति भएपछि प्रतिबन्ध हटाइएको हो। विप्लव नेतृत्वको नेकपामाथि सरकारले २०७५ फागुन २८ गतेबाट प्रतिबन्ध लगाएको थियो। शान्तिपूर्ण तरिकाबाट आफ्ना माग राख्न पाउने नागरिकको अधिकारको सम्मान गर्न र आफ्ना माग शान्तिपूर्ण तौरतरिकाबाट राख्न यो सम्झौताले सकारात्मक गोरेटो कोरेको छ। यही विषयलाई आत्मसात गर्दै सरकार र सो पार्टीबिच छलफल भएर गरिएको सम्झौताले सकारात्मक सञ्चार पैदा गऱ्यो।

सहमतिको तेस्रो बुँदामा उल्लेख गरिएको 'कार्यकर्ता रिहाइ र सबै मुद्दा खारेज गर्न सहमत' भएको भन्ने बुँदाले त्यस पार्टीले गरेका हिंसात्मक तथा सरकारद्वारा भएका प्रतिहिंसात्मक गतिविधि नियन्त्रण गर्ने नाममा गरिएका गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटना तथा हतियार व्यवस्थापनको पाटोमा दुवै पक्ष मौन रहेकाले मानव अधिकार संरक्षण तथा परिपालनाप्रति सरकारको जबाफदेहिता प्रश्न उठ्यो।

१० वर्ष लामो सशस्त्र द्वन्द्वको समयमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका पीडितले अझैसम्म न्याय नपाएको सन्दर्भ ताजै रहेको तथा फौजदारी अपराधका घटनामा न्यायको सरोकार सुनिश्चित गर्ने विषय उल्लेख नगरिनुले मानव अधिकार तथा न्यायप्रति दुवै पक्ष संवेदनशील भएको पाइएन।



सहमतिपत्र

नेपाल सरकार तथा नेपाल कम्युनिष्ट पार्टी बीच निम्नलिखित सहमति भएको छ :

१. दुवै पक्ष (नेपाल सरकार तथा नेपाल कम्युनिष्ट पार्टी) देशको राजनैतिक समस्याहरु वार्ता तथा संवादबाट समाधान गर्न सहमत भएका छौं ।

२. नेपाल कम्युनिष्ट पार्टी आफ्ना सबै राजनैतिक क्रियाकलापहरु शान्तिपूर्णरुपमा संचालन गर्न सहमत भएको छ ।

३. नेपाल सरकार, नेपाल कम्युनिष्ट पार्टी माथि लगाइएको प्रतिबन्ध हटाउन, कारागारमा रहेका पार्टीका नेता तथा कार्यकर्ताहरुको रिहाई र संपूर्ण मुद्दाहरु खारेज गर्न सहमत भएको छ ।

हस्ताक्षर

मानिनीय रामबहादुर थापा
वार्ता टोली प्रमुख तथा गृह मन्त्री

मिति
२०/११/२०७७

हस्ताक्षर

कमरेड प्रकाण्ड
प्रवक्ता तथा वार्ता टोली प्रमुख

डा. राजन भट्टराई
वार्ता टोली सदस्य तथा प्रधानमन्त्रीका
विदेश मामिला सल्लाहकार

कमरेड दिपक
वार्ता टोली सदस्य तथा
केन्द्रीय समिति सदस्य

नेपाल सरकार

नेपाल कम्युनिष्ट पार्टी

## २. नागरिक अधिकारसँग जोडिएका कानुन निर्माण

सरकारले ल्याएको नीति र कानुनले समाजलाई मानव अधिकारमैत्री बाटोमा डोहोऱ्याउनुपर्छ। प्रतिपक्षमा बसेर आलोचना गरिएको विषय सरकारमा पुगेपछि बिर्सने गरेको कटु सत्य प्रजातन्त्र पुनर्स्थापनापछिका दिनमा भए गरेका गतिविधिले प्रष्ट्याउँछ। सन् २०२१ मा सरकारले गरेका काम आलोचना मुक्त रहेनन्। ०७७ असोज १२ गते जारी गरेको तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेशलाई २०७८ वैशाख २१ गते पुनः अध्यादेशकै माध्यमबाट जारी गऱ्यो। एसिड प्रहारलगायत पछिल्ला समय भइरहेका आपराधिक घटनालाई नियमन गर्न यो कानुन निकै प्रभावकारी मानिएको छ। त्यसैगरी, कोभिड-१९ सङ्कट व्यवस्थापन, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा र यौन हिंसाविरूद्धका कानुनलाई अध्यादेशमार्फत नै